## मूलधारमा...

संविधानमा आदिवासी जनजाति अधिकार सुनिश्चित हुनुपर्ने र ऐन, कानुनमै उनीहरूको राजनीतिक अधिकारसमेत सम्बोधन हुनुपर्नेमा उनीहरूले जोड दिएका छन् । 'यतिखेर आदिवासी जनजातिहरूको ध्यान संविधानमा छ', महासंघका अध्यक्ष राजकुमार लेखी थारूले भने, 'संविधान बनाएरमात्र पुग्दैन, त्योभन्दा ठूलो जिम्मेवारी ऐन, कानुन बनाएर त्यसलाई कार्यान्वयनमा ल्याइनुपर्छ ।' महासंघले यो वर्ष 'अदिवासी जनजातिमाथिका सबै विभेद र उत्पीडन अन्त्य गर्ने अभियान, जाति, भाषा, ऐतिहासिक पहिचानको आधारमा राज्य पुनर्संरचना सुनिश्चित भएको संविधान निर्माण' नारा तय गरेको छ ।

संविधानमा स्पष्ट ढंगले स्वायत्त प्रदेश निर्माणको व्यवस्था हुनुपर्ने महासंघको विशेष जोड रहेको थारूले बताए । 'अब जनजाति आन्दोलनलाई जातीय ढंगले हेरिनुहुन्न', महिला, दलित, मुस्लिम, अल्पसंख्यक, पिछडावर्ग हितको आन्दोलन अघि बढाइएको उल्लेख गर्दै उनले भने, 'यो कुनै जातिविशेष आन्दोलन नभएकाले सबैको अधिकारलाई जोडेर मूलधारकै आन्दोलनका रूपमा स्थापित गर्न चाहन्छौं । त्यसको नेतृत्व जनजाति महासंघले गर्छ ।'

नेपाल सरकारले अनुमोदन गरिसकेको अन्तराष्ट्रिय श्रम संगठन महासन्धि-१६९ कार्यान्वयनमा ल्याउनु पर्ने उनले बताए । कार्यपत्र प्रस्तुत गर्दै आदिवासी जनजाति सभासद् सभा (ककस) का संयोजक पृथ्वी सुब्बा गुरूङले महासन्धि कार्यान्वयनले गैरआदिवासी समुदायलाई अधिकार विमुख नबनाउने उल्लेख गरे । आदिवासी नेता डा. ओम गुरूङ, परशुराम तामाङ, ककसका सचिव पासाङ शेर्पालगायतले संविधानसभा, सरकार र जनजातिको अधिकारको विषयमा विचार व्यक्त गरेका थिए ।

यता, बेलायतस्थित जनजाति महासंघले पनि विश्व आदिवासी जनजाति दिवसको दिन भव्य कार्यक्रम गर्ने भएको छ । बेलायतस्थित आस्फोर्ड केन्टमा आयोजना हुने कार्यक्रममा नेपालका आदिवासी जनजाति सम्बन्धी विभिन्न कार्यक्रम समेटिने जानकारी आयोजक समितिले जानकारी दिएको छ ।

# नेपाली विद्यार्थीलाई अन्तर्राष्ट्रिय अवार्ड

**काठमाडौं ।** अमेरिकामा अध्ययनरत बाग्लुङका एक विद्यार्थीले त्यहाँको मेइन विश्वविद्यालयबाट अन्तराष्ट्रिय विद्यार्थी अवार्ड प्राप्त गरेका छन् । चार वर्षअघि अध्ययनका लागि अमेरिका पुगेका बाग्लुङ नगरपालिका-३, गुठीका सुशील खड्काले विश्वविद्यालयको वार्षिकोत्सवको अवसरमा उक्त अवार्ड पाएका हुन् ।

सन् २०१० मा इन्जिनियरीङतर्फ स्नातक तहमा अध्ययनरत विश्वविद्यालयका सबै विद्यार्थीलाई उछिन्दै खड्का उत्कृष्ट भएका छन् । विश्वविद्यालयले त्यहाँ अध्ययनरत विद्यार्थीलाई विभिन्न विषयका उत्कृष्ट विद्यार्थीलाई अवार्ड प्रदान गर्दै आएको छ । विश्वविद्यालयमा विश्वभरका १२ हजार विद्यार्थी अध्ययनरत छन् । उनले पेन्क्रियाटिक क्यान्सर छुट्याउन प्रयोग हुने सुन तथा चाँदीका सुक्ष्म कणको प्रयोगसम्बन्धी अनुसन्धान र शैक्षिक क्षेत्रमा उत्कृष्ट स्थान ल्याएबापत उक्त पुरस्कार पाएका हुन् ।



'मेरो प्राज्ञिक क्षमता, नेतृत्वदायी भूमिका र अनुसन्धानको मूल्यांकन गर्दै विश्वविद्यालयले सम्मान गरेको छ,' खड्काले भने, 'यो मेरो व्यक्तिगत नभएर नेपालकै सम्मान भन्ने ठानेको छु ।' विश्वविद्यालयले प्रत्येक वर्ष प्रदान गर्दै आएको उक्त अवार्ड सन् २००९ मा फ्रान्सका विद्यार्थीले पाएका थिए । खड्काले अमेरिकाको पल्प एन्ड पेपर फाउन्डेसनबाट छात्रवृत्तिसमेत पाएका छन् । उनी फाउन्डेसनबाट वार्षिक १५ हजार डलरको छात्रवृत्ति पाउने पहिलो अन्तराष्ट्रिय विद्यार्थी हुन् ।

विश्वविद्यालयका रासायनिक तथा जैविक इन्जिनियरिङका प्राध्यापक माइकल मेसनसँगको सहलेखनमा दुई पुस्तकसमेत प्रकाशन गरेको उनले बताए । म्याग्दीको बरंगजामा जन्मेका खड्काले कक्षा ८ सम्म गाउँकै सरकारी स्कुल तथा कक्षा ९ देखि बाग्लुङको अमृत आदर्श उच्चमाविमा अध्ययन गरेका थिए । चितवनबाट प्रथम श्रेणीमा एसएलसी उत्तीर्ण उनले काठमाडौंको निक उच्चमावि डिल्लीबजारबाट 'प्लस टु' उत्तीर्ण गरेका थिए ।

अमेरिकामा छोराले पाएको सम्मानप्रति बाबु केशवले खुसी प्रकट गरे । भूपू भारतीय सैनिक उनले भने, 'मैले सोचेको थिइनँ, सुखद खबरले खुसीको सिमा छैन ।' पाँच दिदीका कान्छा भाइ सुशील स्कुलदेखि नै मेधावी थिए । अमृत आदर्श उच्च माविका प्रिन्सिपल महेशचन्द्र प्रधानले उनको तारिफ गरे । 'निकै लगनशील र जिज्ञासु थियो,' दार्जिलिङ भ्रमणको स्मरण गर्दै प्रधानले भने, 'त्यसबेला उसलाई यात्राको रिपोर्टिङको जिम्मा दिएको थिएँ, उसले त किताबै तयार पारेछ ।'

# जनसेनामा पनि भर्ना आव्हान

**काठमाडौं ।** नेपाली सेनाले भर्ना खोलेको भन्दै जनमुक्ति सेना नेपालले पनि भर्ना आव्हान गरेको छ । मंगलबार राजधानीको जनसंचार अभियानमा पत्रकार सम्मेलन गरी जनमुक्ति सेना नेपालले भर्ना खोलिएको बारे जानकारी दिएको हो । नेपालभर रहेका सात वटै डिभिजनका मुख्यालयमा भर्ना आवेदन दिन सकिने जनमुक्ति सेना नेपालले जनाएको छ । माओवादी सेनाका प्रवक्ता तथा डेपुटी कमाण्डर चन्द्रप्रकाश खनालका अनुसार माओवादीले नयाँ भर्ना खोलेर पहिलो खाली रहेको ३१ हजारको दरबन्दी पूरा गर्नेछ । राष्ट्रसंघिय मिसन (अनमिन) को पहिलो चरणको प्रमाणीकरणमा ३१ हजार ३ सय १५ जना लडाकु उपस्थित रहेको जनाउदैं खनालले आफुहरूको दरबन्दी त्यही नै भएको बताए । 'त्यसैलाई पुर्ति गर्ने गरी भर्ना लिइनेछ' उनले भने, 'यसका लागि जति आवश्यक पर्ने हो त्यति संख्यामा भर्ना खोल्छौ ।'

अनमिनको प्रमाणीकरणमा हाल १९ हजार ६ सय २ लडाकु छन् । तर, केही भागिसकेकाले शिविरमा १९ हजार ५ सय ७५ लडाकुमात्र रहेका छन् । यसबारेमा नीतिगत निर्णय भइसकेको जनाउँदै खनालले अब छिट्टै जनरल स्टाफ बैठक बसेर कति भर्ना खोल्ने भन्ने विषयको टुंगो लगाइने बताए । नेपाली सेनाले आइतबारमात्रै २ सय ५० अधिकृतसहित ३४ सय ६४ संख्यामा भर्नाका लागि विज्ञापन प्रकाशित गरेको छ । अदालतले सेना भर्ना शान्ति सम्झौता विपरित भएको भन्दै परेको रिट खारेज गरिदिएपछि सेनाले नयाँ भर्ना खोलेको थियो ।

**भर्ना आव्हानप्रति अनमिनको चासो**

नेपालको शान्तिप्रक्रियामा सघाउन खटिएको नेपालस्थित संयुक्त राष्ट्र संघीय मिसन अनमिनले नेपाली सेना र एकीकृत नेकपा माओवादीको लडाकूले नयाँ भर्ना खुल्ला गरेको प्रति चिन्ता जनाएको छ । अनमिनले मंगलबार जारी गरेको विज्ञप्तीमा भनिएको छ, 'नेपाली सेना तथा माओवादी लडाकू कसैले पनि नयाँ भर्ती गर्ने कुरा विस्तृत शान्ति सम्झौता र हातहतियार तथा सेना व्यवस्थापनको अनुगमनसम्बन्धी सम्झौताको उल्लङ्घन हो भन्ने अन्मिनको अडान यथावत छ ।' नयाँ व्यक्तिलाई भर्ना नगर्नू भन्ने युद्धबिराम आचारसंहिताको मूल प्रावधानलाई हातहतियार तथा सेना व्यवस्थापनको अनुगमनसम्बन्धी सम्झौताका सान्दर्भिक प्रावधानमा पनि प्रतिबिम्बित गरिएको विज्ञप्तीमा उल्लेख छ ।

## फुर्तेम्बा इक्वेटरबाट कोलम्बिया लाग्दै

**ब्रुनाई ।** विश्व शान्तिको सन्देश लिएर विश्व साइकल यात्रामा निस्किएका फुर्तेम्बा शेर्पा अहिले दक्षिण अमेरिकाको इक्वेटर पुगेका छन् । उनले साइकलबाट यात्रा गरेका ६३ औं देश इक्वेटरको यात्रा पछि कोलम्बिया लाग्दैछन् ।

घरदेशमा राजनैतिक दल र नेताहरू घर पोलेर खरानीको ब्यापार गरिरहेको वेला युवा फुर्तेम्बा भने ज्यानको पर्वाह नगरि देशको नाम राख्न विश्व साइकल यात्रामा छन् । उनको जसरी भए पनि संविधान बनाउ भन्ने नेताहरूलाई सन्देश छ ।

शेर्पा गरिब देशको नागरिक भएको कारणले विदेशमा नेपालीहरूले चरम अपमान र अन्याय सहिरहनु परेको छ, त्यसैले देशलाई शान्त र समृद्ध बनाऔं भन्छन् ।


**पूर्णकालीन अनुभवी लाइसेन्स प्राप्त एकाउन्टेन्ट चाहिएमा हामीलाई सम्झनुहोस्**

हाम्रो विशेषताहरू

- नयाँ व्यावसाय वा कम्पनी स्थापना गर्न परेमा
- VAT दर्ता तथा VAT शुल्क फिर्ता गर्न परेमा
- वार्षिक लेखा प्रतिवेदन तयारी गर्न
- व्यक्तिगत/व्यावसायिक करको संयोजन गर्न
- मासिक तलव भत्ता र मसलन्दको लेखा

नयाँ ग्राहकहरूका लागि विशेष छुटको व्यवस्था छ ।

सम्पर्क ठेगाना
**Allied Sainif House**
412 Greenford Road,
Greenford, Middlesex, UB6 9AH
Email:ksundar@dkaccountancy.com
Tel: 020 8575 7684,Fax: 020 8575 7684
Mobile: 077 2726 2201

**Restaurant 4 Sale**
(Indian & Nepalese)
Location
38 Cricklewood Broadway London, NW2
Contact
Office - 02084527665
Residence - 02089048758
Mobile - 07950907743


**भुल सुधार**

वर्ष २ अंक १३ विहिवार पाना ३ को समाचार विविधको 'भोजपुर सेवा समाजमा हर्कराज सर्वसम्मत' भन्ने समाचारमा राफल ड्रमा फोक्सटनकी श्रीमती प्रभात कुमारी राईले पहिलो, आस्फोर्डकी श्रीमती सुस्मा सुब्बा राईले दोस्रो र मिडओय चाथामकी श्रीमती प्रेणा राईले तेस्रो पुरस्कार सौजन्य स्वरूप प्रदान गर्नु भएको हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ ।